# भाग ४

## श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला कार्यालय इलामका प्र.जि.अ. श्री कीर्तिबहादुर चन्द यस मन्त्रालयमा काजमा रहनुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री कृष्णप्रसाद पौडेललाई मिति २०४५।७।१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बासकोटा
कानून अधिकृत (उप-सचिव)

## महालेखा परीक्षकको विभागको सूचना

श्री ५ को सरकारको मिति २०४५।६।२१ को निर्णय अनुसार देहायका व्यक्तिहरूलाई देहायको पदबाट लेखापरीक्षण सेवा राजपत्रांकित तृतीय श्रेणी लेखापरीक्षण अधिकारी पदमा मिति २०४५।६।२१ देखि बढुवा नियुक्ति गरी यसै विभागमा पदस्थापन गरिएको छ ।

१. लेखापरीक्षण अधीक्षक श्री किरणकुमार मिश्र
२. लेखापाल श्री हिमालकिशोर श्रेष्ठ
३. लेखापाल श्री विष्णुप्रसाद तिमिल्सिना
४. लेखापाल श्री युद्धवीर वज्राचार्य

आज्ञाले,
फत्यबहादुर सिलवाल
निर्देशक

## निर्वाचन आयोगको सूचना

म्याग्दी जिल्लाको रिक्त राष्ट्रिय पञ्चायत सदस्य पद एक पूर्तिको निमित्त भएको उपनिर्वाचनमा श्री नरबहादुर पुन निर्वाचित हुनुभएकोले राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा २७ को उपदफा (३) को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अर्याल
का. मु. सचिव
निर्वाचन आयोग

३०६९



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।